# स्थायी जागिरको लोभमा सब–इन्जिनियरको हत्या

## वैकल्पिक उम्मेदवार नै मुख्य योजनाकार

**प्रकाश मैनाली / हिटा**

सर्लाही, १५ फागुन

सर्लाहीमा स्थायी सरकारी जागिरको लोभमा एक सब-इन्जिनियरको योजनाबद्ध हत्या गरिएको घटना सार्वजनिक भएको छ। जिल्ला पूर्वाधार विकास कार्यालय, सर्लाहीमा कार्यरत ३६ वर्षीय सब-इन्जिनियर प्रमोदकुमार यादवको हत्या प्रकरणमा संलग्न रहेको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ गरी शुक्रबार सार्वजनिक गरेको छ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार फागुन ३ गते साँझ करिब ७:५५ बजे मलंगवा नगरपालिका-१० स्थित आफ्नै डेरा बाहिर बोलाइएका यादवमाथि गोली प्रहार गरिएको थियो। अज्ञात व्यक्तिको गोली लागेर गम्भीर घाइते हुनुभएका उहाँलाई तत्कालै प्रादेशिक अस्पताल, मलंगवा पुऱ्याइएको भए पनि उपचारकै क्रममा मृत्यु भएको थियो। पोस्टमार्टम रिपोर्टअनुसार छातीमा लागेको गोली नै मृत्युको मुख्य कारण रहेको प्रहरीले जनाएको छ।

प्रहरी अनुसन्धानका क्रममा महोत्तरीको रामगोपालपुर नगरपालिका-५ घर भएका ३४ वर्षीय गणेशकुमार महतो घटनाका मुख्य योजनाकार रहेको खुलेको छ। उनी प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशबाट सब-इन्जिनियर पदका वैकल्पिक उम्मेदवार थिए भने मृतक यादव सोही पदका मुख्य सिफारिस उम्मेदवार रहनुभएको थियो।

प्रहरीका अनुसार मुख्य सिफारिस उम्मेदवारको मृत्यु भए वा पद रिक्त भएमा वैकल्पिक उम्मेदवारले स्थायी नियुक्ति पाउने कानुनी प्रावधानको फाइदा उठाउन महतोले योजनाबद्ध रूपमा हत्या गराएको प्रारम्भिक अनुसन्धानबाट देखिएको छ।

### हतियार खरिददेखि योजनामा सहयोग

घटनामा संलग्न आरोपमा २२ वर्षीय चन्द्र किशोर सिंह कुशवाहा र २२ वर्षीय विजयकुमार महतो पनि पक्राउ परेका छन्। प्रहरीले दिएको जानकारीअनुसार विजय महतोले करिब ८० हजार रुपैयाँमा हतियार खरिद गरी उपलब्ध गराएका थिए भने चन्द्र किशोरले योजनामा सहयोग गरेका थिए।




अनुसन्धानका क्रममा गणेश महतोले 'राकेश यादव' नाम प्रयोग गरी मृतकसँग सम्पर्क गर्दै आएका थिए। घटनाको दिन उनले व्हाट्सएप कलमार्फत यादवलाई बाहिर बोलाएका थिए। त्यसपछि आफूसँग रहेको पेस्तोलबाट गोली प्रहार गरी फरार भएका थिए।

### हतियारसहित मोटरसाइकल र मोबाइल बरामद

प्रहरीले घटनामा प्रयोग भएको पेस्तोल, गोलीको खोका, भारतीय नम्बर प्लेट भएको मोटरसाइकल तथा तीन वटा मोबाइल फोन बरामद गरेको जनाएको छ।

पक्राउ परेका तीनै जनाविरुद्ध कर्तव्य ज्यान तथा हातहतियारसम्बन्धी कसूरमा मुद्दा दर्ता गरी १० दिनको म्याद थप गरेर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं डिएसपी सरोज राईले जानकारी दिनुभयो। प्रहरीका अनुसार घटनाको थप अनुसन्धान जारी रहेको छ।

# भोट खोज्दै उम्मेदवार घर-दैलोमा, भरोसा खोज्दै मतदाता

**राधिका बुढाथोकी / हिटा**

सिन्धुली, १५ फागुन



आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सिन्धुलीमा चुनावी सरगर्मी तीव्र बनेको छ। दुई निर्वाचन क्षेत्र रहेको जिल्लामा कुल दुई लाख १५ हजार १९ मतदाता रहेका छन्। निर्वाचन क्षेत्र नम्बर-१ मा एक लाख १० हजार ३९१ र क्षेत्र नम्बर-२ मा एक लाख चार हजार ६२८ मतदाता छन्। दुवै क्षेत्रमा गरी २८ जना उम्मेदवार प्रतिस्पर्धामा छन्।

गत माघ ६ गते उम्मेदवारी दर्ता भएसँगै उम्मेदवारहरू घरदैलो अभियानमा व्यस्त छन्। बिहानैदेखि मतदाताको घर-आँगनमा पुगेर हात जोड्दै मत माग्ने क्रम चलिरहेको छ। गाउँदेखि शहरसम्म झण्डा, पोस्टर र घोषणापत्रले चुनावी माहोल तातेको देखिए पनि मतदातामा भने उत्साह अपेक्षाकृत कम देखिन्छ। उम्मेदवारहरूले समृद्ध जिल्ला बनाउने प्रतिबद्धता दोहोऱ्याइरहेका छन्। तर, मतदाता भने विगतका अधुरा वाचा स्मरण गर्दै प्रश्न उठाइरहेका छन्। खानेपानी, सडक, स्वास्थ्य, शिक्षा, रोजगारी र बाढी नियन्त्रणजस्ता आधारभूत समस्या समाधान नहुँदा उनीहरू असन्तुष्ट देखिन्छन्।

सुनकोशी गाउँपालिका-१ नेपालथोकमा घरदैलो पुग्नुभएकी नेपाली कांग्रेसकी उम्मेदवार सुशीला थिङलाई स्थानीयले रोशी र सुनकोशी नदीको बाढी, सिँचाइ तथा खानेपानी समस्याबारे गुनासो सुनाए। 'अघिल्लोपटक जिताएर पठायौँ, काम भएन,' एक मतदाताले भने, 'यसपटक भरोसा दिलाउनुपर्छ।' यस्तै, घ्याङलेख गाउँपालिका-१ का मतदाताले घोषणापत्रमा सीमित विकासका वाचा कार्यान्वयनमा नआएको गुनासो गरे। 'चुनावमा मात्रै खोजी गरेर हुँदैन,' स्थानीय सविना थापाले भन्नुभयो।

निर्वाचन क्षेत्र नम्बर-१ मा १२ र क्षेत्र नम्बर-२ मा १६ जना उम्मेदवार छन्। मुख्य निर्वाचन अधिकृत कमलराज विष्टका अनुसार, प्रमुख दलका साथै स्वतन्त्र र बागी उम्मेदवारहरूसमेत मैदानमा छन्। दलभित्र टिकट वितरणप्रति असन्तुष्टि जनाउँदै केही बागी उम्मेदवारीसमेत परेका छन्। कृषि सम्भावना प्रचुर भए पनि बजार र सडक अभाव मुख्य समस्या बनेको छ। गोलञ्जोर गाउँपालिका-४ का किसान लोकबहादुर आलेमगरले कच्ची सडकका कारण जुनार ढुवानीमा समस्या हुने बताउनुभयो। 'उत्पादन छ, बजारको ग्यारेन्टी छैन,' उहाँले भन्नुभयो।

युवा र महिलाको मत निर्णायक मानिएको छ। रोजगारी, सीपमूलक तालिम, प्रविधिमा पहुँच र सुरक्षाको विषयमा उनीहरूले स्पष्ट योजना मागिरहेका छन्। दुधौली नगरपालिका-३ की सरिता कटुवालले महिला हिंसा न्यूनीकरणका लागि प्रभावकारी नीति आवश्यक रहेको बताउनुभयो। पहिलोपटक मतदान गर्न लागेका युवामा उत्साह देखिए पनि उनीहरू कार्यान्वयनमुखी योजना खोजिरहेका छन्। 'प्रचारभन्दा काम हेर्छौं,' कमलामाई नगरपालिका-५ की समीक्षा बुढाथोकीले भन्नुभयो।

सामाजिक सञ्जालको बढ्दो प्रयोगले पनि चुनावी माहोल प्रभावित भएको छ। मतदाताले उम्मेदवारको अघिल्लो कार्यशैली सजिलै खोजेर मूल्यांकन गरिरहेका छन्। उम्मेदवारहरू मत माग्न घरदैलोमा सक्रिय छन्। तर, मतदाता भने आश्वासनभन्दा उपलब्धि, नाराभन्दा नतिजा र भाषणभन्दा व्यवहार हेर्न चाहन्छन्। यसपटकको निर्वाचनमा भोटमात्र होइन, भरोसाको खोजी पनि उत्तिकै महत्त्वपूर्ण देखिएको छ।

# रोचक बन्दै रूपन्देही २ को प्रतिस्पर्धा

**चन्द्रकान्त खनाल / हिटा**


बुटवल, १५ फागुन

यही फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचन नजिकिँदै गर्दा उम्मेदवार र दलहरू चुनावी प्रचारप्रसारमा व्यस्त छन्। ऐतिहासिक तथा औद्योगिक महत्त्व बोकेको बुटवल बजारसमेत समेटिएको रूपन्देही-२ क्षेत्रका मतदाता पनि आगामी निर्वाचनको परिणामप्रति उत्सुक छन्। यो निर्वाचन क्षेत्र बुटवल उपमहानगरपालिका (१-१३), तिलोत्तमा नगरपालिका (१-६) र सैनामैना नगरपालिका (१-४) का २३ वटा वडामा फैलिएको छ। यहाँ कुल एक लाख ३५ हजार ५० जना मतदाता रहेका छन्।

रूपन्देही-२ मा नेपाली कांग्रेस, नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेपाली कम्युनिष्ट पार्टीसहित २० वटा दलका र १९ जना स्वतन्त्र उम्मेदवार गरी कुल ३९ जनाले चुनावी मैदानमा प्रतिस्पर्धा गर्दैछन्। नेपाली कांग्रेसका महासमिति सदस्य चुन्नप्रसाद पौडेल उद्योगी-व्यवसायी पृष्ठभूमिका हुनुहुन्छ। नेकपा एमालेका विष्णुप्रसाद पौडेल पार्टी उपाध्यक्ष तथा पूर्वमन्त्री हुनुहुन्छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट सुलभ खरेल र नेपाली कम्युनिष्ट पार्टी (नकपा) बाट विश्वदीप पाण्डेलगायतका उम्मेदवार हुनुहुन्छ। विश्लेषकहरूका अनुसार, यस क्षेत्रको मुख्य प्रतिस्पर्धा नेपाली कांग्रेस, नेकपा एमाले र रास्वपाबीच हुने देखिन्छ।

### कांग्रेसको बलियो उपस्थिति

नेपाली कांग्रेसबाट पहिलोपटक उम्मेदवार बन्नुभएका चुन्नप्रसाद पौडेल यसपटक बलियो







दाबेदारका रूपमा देखिनुभएको छ। लामो समयपछि कांग्रेसले आफ्नै उम्मेदवार र चुनाव चिह्नमा निर्वाचन लड्दा पार्टी कार्यकर्ता र समर्थकहरू उत्साहित छन्। उद्योग, स्वास्थ्य, पर्यटन र अन्य क्षेत्रहरूमा लगानी गर्नुभएका चुन्नप्रसादले प्रत्यक्ष पाँच हजारभन्दा बढी रोजगारी सिर्जना गर्नुभएको छ। उहाँका उद्योगसँग सम्बन्धित व्यापारिक गतिविधिमा करिब पाँच हजार स्थानीय संलग्न छन्। रोजगारी र व्यवसायसँग जोडिएका मतदाता चुन्नप्रसादको पक्षमा हुने अनुमान गरिएको छ।

### एमालेका विष्णुप्रसाद पौडेल : अनुभव र चुनौती

पटक-पटक यस निर्वाचन क्षेत्रमा जित हासिल गर्नुभएका एमाले उपाध्यक्ष विष्णुप्रसाद पौडेल आफ्नो राजनीतिक अनुभवका कारण बलियो प्रतिस्पर्धी मानिनुहुन्छ। तर, पछिल्ला वर्षमा पार्टीभित्रको आन्तरिक संघर्ष, विवादित योजना र कार्यान्वयनमा असफलताले उहाँको जनमत कमजोर भएको स्थानीय विश्लेषकहरूको दाबी छ। सिद्धार्थ राजमार्गअन्तर्गत बुटवल-पाल्पा सडक, बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, कालीगण्डकी-तिनाउ डाइभर्सन, मोतीपुर औद्योगिक कोरिडोरलगायतका योजनामा समस्या देखिनु तथा यहाँको बासिन्दा भएर पनि काठमाडौं बसाइका कारण उहाँको प्रत्यक्ष पहुँच कमजोर भएको बताइन्छ।

### राष्ट्रिय स्वतन्त्र पार्टी र अन्य दल

२०७९ को निर्वाचनमा एमाले र रास्वपाले फाइदा उठाएका बेला, यसपटक राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार सुलभ खरेल पनि बलियो प्रतिस्पर्धीका रूपमा देखिनुभएको छ। तर, मतदातामा नयाँ दल भएको र सुलभका केही अभिव्यक्तिले मतदातामा शंका सिर्जना गरेको विश्लेषकहरूले उल्लेख गरेका छन्। माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीलगायतका दलहरूले बनेको नेपाली कम्युनिष्ट पार्टीको जनमत यस क्षेत्रमा कमजोर देखिन्छ। उम्मेदवार विश्वदीप पाण्डेले अन्य दलहरूका प्रतिद्वन्द्वी बीचबाट निर्वाचित हुने प्रयास गर्ने चर्चा भइरहेको छ।

यस निर्वाचनमा कांग्रेस, एमाले र रास्वपाले आपसमा मुख्य प्रतिस्पर्धा गर्दैछन्। २०७९ को निर्वाचनमा कांग्रेसको उम्मेदवार नहुँदा एमाले र रास्वपाले फाइदा उठाएका थिए। तर, यसपटक कांग्रेसको बलियो उपस्थिति र कार्यकर्ता सक्रियताले चुनावी समीकरणलाई फरक दिशामा लैजाने देखिन्छ। निर्वाचन परिणाम हेर्न मतदाताले फागुन २१ सम्म कुर्नै पर्नेछ।

# भागा खेतीका लागि भोजपुर नगरले ल्यायो ऐन

**निरोज कोइराला / हिटा**

भोजपुर, १५ फागुन

भोजपुर नगरपालिकाले गाँजा लागूपदार्थ नियन्त्रण, निर्मूल गर्दै औद्योगिक प्रयोगका लागि गरिने भागा खेतीलाई नियमन गर्न ऐन ल्याएको छ। भोजपुर नगरपालिकाले ल्याएको ऐनको नाम 'औद्योगिक प्रयोजनको भागा खेती नियमन ऐन २०८२' रहेको छ। अब यही ऐनअनुसारको कानुनी व्यवस्थाबमोजिम भागा खेती गर्न सकिनेछ।

ऐनअनुसार खेती गर्न चाहनेहरूले अनुमति प्राप्त गर्नुपर्ने भोजपुर नगरपालिका वडा नम्बर ५ का वडाध्यक्ष फविन्द्र प्रधानले बताउनुभयो। उहाँका अनुसार, ऐन बनेसँगै नगरपालिकाले स्थानीय पत्रिकामा सूचना प्रकाशित गरी पालिकाभित्रको गाउँ तथा वडाहरूमा औषधिजन्य प्रयोजनका लागि भागा खेती गर्न सकिने क्षेत्र तोक्न सक्नेछ। स्थानीयवासीलाई उद्योगी बनाउन एक परिवारले न्यूनतम २० रोपनीसम्म स्थानीय निकायमा कृषि उद्यम दर्ता गरी नगरपालिकाले तोकेको प्राविधिक टोलीको निगरानीमा खेती गर्न सक्ने व्यवस्था ऐनमा गरिएको छ। भोजपुर नगरपालिकाका नगरप्रमुख कैलाशकुमार आलेले कानुनको परिधिभित्र रही भागा खेतीलाई व्यवस्थित रूपमा सञ्चालन गरिनुपर्ने बताउनुभयो। उहाँले कानुनी जटिलता हुन नदिन ऐन पनि आएको र व्यवसायी हुन चाहनेहरूले पनि सोही अनुरूप कार्य गर्नुपर्ने बताउनुभयो। नगरप्रमुखले तोकेको एउटा अनुगमन समिति रहनेछ। जसले निवेदन र आवश्यक स्थलको अनुगमन गरी स्वीकृतिका लागि सिफारिस गर्न सक्नेछ।

भोजपुर नगरपालिका वडा नम्बर ५ का वडाध्यक्ष प्रधानले भागा खेतीले स्थानीयस्तरमा रोजगारी सिर्जना गर्न महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो। उहाँले अबका दिनमा आधुनिक र व्यवस्थित खेती प्रणाली अपनाउनुपर्ने आवश्यकता रहेको पनि बताउनुभयो।

# नौबिसे–मलेखु सडक स्तरोन्नति ढिलाइ : विद्युत् पोल मुख्य अवरोध

**हिमालय टाइम्स**

काठमाडौं, १५ फागुन

नौबिसे-मलेखु सडक खण्डको स्तरोन्नति कार्यमा विद्युत्का पोल प्रमुख बाधक बनेका छन्। ठेक्का सम्झौता २०७९ वैशाख १४ मा भए पनि प्राधिकरणले समयमै पोल सार्न नसक्दा सडक निर्माणमा ठूला चुनौती थपिएका छन्। यदि पोल व्यवस्थापन समयमा भएको भए, यो सडक अहिले नै कालोपत्रे भएर सञ्चालनमा आउने अवस्था थियो।

विश्व बैंकको ऋण सहयोगमा निर्माण भइरहेको ४३.५४ किलोमिटर लामो यो सडक नेपालको 'लाइफ लाइन' मानिन्छ। आयोजना प्रमुख केशव ओझाका अनुसार, डेढ वर्षअघि नै विद्युत् प्राधिकरणको खातामा पोल सार्न आवश्यक बजेट पठाइएको थियो। तर, प्राधिकरणले ठेक्का प्रभावकारी रूपमा कार्यान्वयन नगरेकाले काम सुस्त भइरहेको छ।

विशेष गरी धार्के बजार र बन्छेटार खण्डमा दुई सयभन्दा बढी पोल सार्नुपर्ने भएकाले निर्माणमा धेरै ढिलाइ भइरहेको छ। सडक स्तरोन्नतिका लागि कुल लागत पाँच अर्ब ३३ करोड १९ लाख रुपैयाँ अनुमान गरिएको छ। तर, प्राधिकरणले पोलको व्यवस्थापन गर्न नसक्दा कतिपय स्थानमा विद्युतीय पोल सडकको बीचमै रहँदा कालोपत्रे गरिएको छ। प्राविधिकहरूको चेतावनीअनुसार, यसरी पोललाई सडकमै राखेर कालोपत्रे गर्दा भविष्यमा दुर्घटना जोखिम बढ्ने सम्भावना छ।

निर्माण कम्पनीले विद्युत् प्राधिकरणलाई पटक-पटक ताकेता गर्दा पनि काम अपेक्षित रूपमा अघि बढ्न सकेको छैन। निर्माण सुरु भएको तीन वर्षमा कालोपत्रे गर्ने सम्झौता भए पनि कामको गति सुस्त रहँदा अझै केही समय लाग्ने देखिएको छ। फागुन २१ मा हुने प्रतिनिधिसभा निर्वाचनले पनि निर्माण कार्यमा केही समयका लागि प्रभाव पार्ने अनुमान गरिएको छ।

निर्माण व्यवसायीका प्रतिनिधि ज्ञानेन्द्र घिमिरेका अनुसार, 'विद्युतीय पोल नसार्दा हामीले निर्धारित लक्ष्यअनुसारको काम गर्न सकिरहेका छैनौँ। सडक क्षेत्रमा दुई सयभन्दा बढी पोल सार्न बाँकी छ। बजार क्षेत्रमा यो समस्या विशेष गरी ठूलो छ। धार्के बजारमा पोलको अवरोधका कारण कामको गति बढाउन नसकिएको छ।' उहाँले थप्नुभयो, 'बन्छेटार खण्डमा प्राधिकरणको ढिलाइका कारण पोल सडकको बीचमै राखेर कालोपत्रे गरिएको छ, जसले भविष्यमा सुरक्षाका चुनौती निम्त्याउन सक्छ।'

यसैबीच, आयोजनाले आफ्नो क्षेत्रभित्र पर्ने कामहरू निरन्तर रूपमा अघि बढाइरहेको केशव ओझा बताउनुहुन्छ। उहाँका अनुसार, 'प्राधिकरणले डेढ वर्षअघि नै पोल सार्न आवश्यक बजेट उपलब्ध गराएको भए पनि काम लक्ष्यअनुसार अघि बढाउन सकिएको छैन। ठेक्का लगाएको भए पनि निर्माण व्यवसायीले टिम प्रभावकारी रूपमा परिचालन नगरेकाले समस्या देखिएको हो।' सडक निर्माणको समय अवधि सकिए पनि आयोजनाले आफ्नो क्षेत्रमा पर्ने विद्युतीय पोल सार्न नसकेको भन्दै निर्माण पक्षले अवरोध भएको दाबी गरिरहेको छ। विशेषज्ञहरूले सडक सुरक्षा र समयमै स्तरोन्नति कार्य सम्पन्न गर्न विद्युत् प्राधिकरणसँग समन्वय बढाउन आवश्यक रहेको सुझाव दिएका छन्।

**महालक्ष्मी नगरपालिका**
**५ नं वडा कार्यालय**
**टिकाथली, ललितपुर ।**
**बागमती प्रदेश, नेपाल ।**

**विषयः घर नक्शा पास सम्बन्धमा जारी भएको सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/११/१६**

महालक्ष्मी नगरपालिका वडा नं.५ साविक टिकाथली वडा नं ४ स्थित रिनु कुमारी भण्डारीको नाममा दर्ता प्रमाणित भएको टिकाथली गा.वि.स. वडा नं ४ कित्ता नं ३८९ क्षेत्रफल १५९.६७ व.मी. जग्गामा भवन निर्माण गर्न नक्सा पासको लागि मिति २०८२ साल मंसिर ०४ गते महालक्ष्मी नगरपालिका वडा नं.५ कार्यालयबाट १५ दिने सूचना जारी गरेकोमा म्याद बारम्बार बुझाउन जाँदा संधियार सम्पर्क गर्न नसकिएकोले नक्सा पासको लागि १५ दिने सार्वजनिक सूचना जारी गरिएको छ ।

उल्लेखित कित्ता जग्गामा घर निर्माण हुँदा तपाई संधियारलाई बाधा तथा मर्का पर्ने भएमा समय अवधी भित्र महालक्ष्मी नगरपालिकाको ५ नं. वडा कार्यालयमा निवेदन तथा संधियारको जानकारीको लागि सूचना गरिन्छ। यो सूचना प्रकाशित भएको १५ दिन भित्र कोही कसैले कुनै किसिमको दाबी विरोध नभएमा नियमानुसार निवेदकको माग बमोजिम नक्सा पासको लागि महालक्ष्मी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा सिफारिस भई जाने व्यहोरा समेत अनुरोध गरिन्छ ।

**तपशिल**

दक्षिण तर्फको संधियारः मधु सुदन बुढाथोकी (कि.नं. ३७७)
पश्चिम तर्फको संधियार : प्रभु बुढाथोकी (कि.नं. ३७६)
पश्चिम तर्फको संधियार : रघु बुढाथोकी (कि.नं. ३७५)

# बागलुङमा २१९ जना एचआइभी संक्रमित

**डम्मर बुढामगर / हिटा**

बागलुङ, १५ फागुन

बागलुङमा एचआइभी संक्रमितको संख्या बढ्न थालेको छ। हाल २१९ जना एचआइभी संक्रमित रहेको प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङले जनाएको छ। १८ वर्षभन्दा कम उमेरका २१ जना रहेका छन्। ११३ जना महिला, ९९ जना पुरुष, १५ वर्षभन्दा कम उमेरका तीन जना बालिका र चार जना संक्रमित बालकले नियमित औषधि सेवन गरिरहेका छन्।

धौलागिरि प्रादेशिक अस्पताल बागलुङमा सञ्चालित एआरटी (एन्टी रेक्टो ट्रिटमेन्ट)सेन्टरका अनुसार, चार जना यौनकर्मी, तीन जना लागूपदार्थ प्रयोगकर्ता, ७२ जना वैदेशिक रोजगारीबाट फर्किएकाहरू र १४० जना अन्य रहेका छन्। हरेक वर्ष संक्रमितको संख्या बढ्दै गए पनि उनीहरू समाजमा खुल्न सकेका छैनन्। परिवार र समाजबाट हुने विभेद, लाञ्छना र भेदभावका डरले अहिले पनि संक्रमितहरू खुल्न सकेका छैनन्।

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका सूचना अधिकारी देवप्रकाश घिमिरेका अनुसार, रोगले भन्दा पनि परिवार, आफन्त र समाजबाट हुने विभेदका कारण संक्रमितहरू कमजोर बन्ने गरेका छन्। मानिसहरूमा संक्रमण देखिएपछि नियमित औषधि सेवन र चेकजाँचमा जति समस्या देखिएको छ, त्योभन्दा बढी समस्या पहिलोपटककै परीक्षण र रोगको पहिचान गर्नमा छ। एचआइभीको परीक्षण भन्यो भने अहिले पनि मानिसहरू परीक्षण गर्न हिचकिचाउने गरेको भन्दै घिमिरेले अन्य रोगको पहिचान र रोकथामका लागि स्वास्थ्य संस्थाले गर्दै आएको कार्यक्रमजस्तो सजिलो नभएको बताउनुभयो।

पहिचान खुल्ने डरले संक्रमितहरू उचित परामर्श लिनसमेत डराउने गरेको प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका प्रमुख प्रवीण शर्माले बताउनुभयो। सँगै बस्दैमा, खाना खाजा खाँदैमा, हाँस्दैमा, बोल्दैमा एचआइभी नसर्ने भन्दै उहाँले संक्रमित र उसको परिवारलाई हेर्ने दृष्टिमा परिवर्तन नभएका कारण संक्रमितलाई समाजमा खुलेर हिँड्न गाह्रो भएको उहाँले बताउनुभयो।

एचआइभी संक्रमितसँग गरिएको असुरक्षित यौन सम्पर्कबाट मात्र सर्छ भन्ने आममानिसको गलत बुझाइ पनि संक्रमित खुल्न नसकेको प्रमुख कारण भएको उहाँको भनाइ छ। एचआइभी सर्ने विभिन्न माध्यम र कारणहरू भएको भन्दै उहाँले नियमित औषधि सेवनले यसको संक्रमण सम्भावनासमेत कम गर्न सकिने बताउनुभयो। एचआइभी संक्रमित व्यक्तिको रोगसँग लड्न सक्ने प्रतिरोधात्मक शक्ति कम हुने र अन्य रोगको संक्रमणका कारण मृत्यु हुन सक्ने भन्दै उहाँले नियमित औषधि सेवन गरे एचआइभी संक्रमण भएकै कारण मानिसको मृत्यु नहुने उहाँले बताउनुभयो।

एचआइभी एड्स संक्रमण भए नभएको परीक्षण, परामर्श र नियमित औषधि उपचारका लागि धौलागिरि प्रादेशिक अस्पताल बागलुङमा २०६३ सालदेखि एआरटी (एन्टी रेक्टो ट्रिटमेन्ट)सेन्टर स्थापना भएको छ। संक्रमित र उसको परिवारको गोपनीयता, उनीहरूको मनोबल वृद्धि र घरमै पुगेर नमुना संकलन र परीक्षण गर्न थालेपछि संक्रमितको संख्यामा वृद्धि हुन थालेको एआरटी सेन्टरका प्रमुख परामर्शदाता प्रदीप आचार्यले बताउनुभयो।

**Mapya Dudhkoshi Rural Municipality**
**Office of Rural Municipal Executive**
Khastap, Solukhumbu
Koshi Province, Nepal

**Notice for the Letter of Intent (LOI)**

**Date of publication: 2082/11/16 (28 Feb, 2026)**

This is to notify (as per section 27(2) of Public Procurement Act 2063) to all the Concerned bidders that, Our Intention is to award following contract to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S.N. | Contract Number | Work Description | Name and Address of the Bidders | Quoted Amount NRs. (Including VAT and PS) |
|---|---|---|---|---|
| 1 | MDRM/NCB/WORKS/ 2082/083-01 | Construction of Basa Lambagar Modular Bridge Bailey Type at Lambagar, Basa, Solukhumbu | Rabichakra Nirman Sewa and Suppliers Pvt. Ltd | 4,64,49,033.043 |

CMYK